आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

साँफेबगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम

सुदूरपश्चिम प्रदेश

***२०८३ साल असार ०७ गते***

*www.sanfebagarmun.gov.np*

## साँफेबगर नगरपालिका

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**सभाअध्यक्षज्यू,**

**नगर सभा सदस्यहरु,**

सभाध्यक्षज्यूको अनुमतिले साँफेबगर नगरपालिकाको दोस्रो कार्यकालको सातौं नगर सभामा अब म आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**सभा अध्यक्षज्यू,**

नेपाली जनताको संघर्ष र बलिदानीको प्रतिफलस्वरुप गठन भएको संविधानसभाबाट निर्मित नेपालको संविधानले तीन तहको सरकार तथा तहगत अधिकार स्पष्ट गरेको छ। संघीय संरचना अनुरुप संचालन भइरहेको स्थानीय सरकारको हैसियतमा साँफेबगर नगरपालिकाको गरिमामय नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा अत्यन्तै खुशि लागेको छ। संघीय शासन प्रणाली अन्तर्गत जनताको घरदैलोको सरकारको रुपमा हाम्रो गहन जिम्मेवारी रहेको छ। नेपालको संविधानको धारा २२१ मा निहित व्यवस्थापकीय अधिकारको अर्थपूर्ण प्रयोग र कार्यान्वयन मार्फत जनताको हक स्थापित गर्न यो गरिमामय सभाले प्राप्त गरेको अवसरलाई उपलब्धीमा रुपान्तरण गर्ने गहन जिम्मेवारी बोकेका छौं। यसका लागि हाम्रो तमाम दाजु भाई दिदी बहिनीहरुको जिवन्त योगदान अविस्मरणीय छ। उक्त योगदानका लागि शहादत प्राप्त गर्नुहुने अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दछु। घाइते, अपाङ्ग तथा योगदानकर्ताहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। दोस्रो कार्यकाल प्रारम्भ भएपश्चात् यो नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा विगतको मूल्याङ्कन, वर्तमानको समीक्षा एवं आगामी कार्यदिशालाई मनन् गरिएको छ। स्थानीय सरकारको रुपमा यस अवधिको कार्य सम्पादनमा सहकार्य, समन्वय, समर्थन तथा खबरदारी गर्नुहुने आम नगरवासी, समाजसेवी, बुद्धिजिवी, पत्रकार, जनप्रतिनिधी, शिक्षक तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

**सभा अध्यक्षज्यू,**

विभिन्न कालखण्डमा भएका संघर्षले सिर्जना गरेको राजनैतिक परिवर्तन पश्चातको शासकीय संरचनाले आशा लाग्दो शुरुवात गरेको भएतापनि दीर्घकालीन परिवर्तन महसुस गराउन नसकेको यथार्थ हाम्रोसामु छर्लङ्ग छ। हालै भएको Gen Z आन्दोलन पश्चात् अभिव्यक्त भएको जनमतले नागरिक तहमा अपेक्षाको चाङ् सिर्जना गरेको छ। वर्तमान परिदृश्यमा जनअपेक्षाको समुचित सम्बोधन मार्फत सम्भावनालाई यथार्थमा रुपान्तरण गरी जनस्तरमा महसुस गर्न सकिने नीति तथा कार्यदिशा तय गर्नु अपरिहार्य छ। नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्न स्थानीय आवश्यकता र उपलब्धतालाई प्रादेशिक तथा राष्ट्रिय प्राथमिकता र सम्भावनासँगको उचित संयोजन जरूरी हुन्छ। राजनीतिप्रति युवाको चासो बढ्दो छ, सामाजिक सचेतना फैलँदो छ, आर्थिक उन्नयनको मुद्दा निर्विकल्प छ, साँस्कृतिक स्वतन्त्रता र सहिष्णुता कायम छ यस्तै वहुआयामिक क्षेत्रको विकासप्रतिको आम धारणामा मतैक्यता कायम छ। यो समग्र अवस्था नै विकासका लागि अभूतपूर्व अवसरको संगम हो।

**सभा अध्यक्षज्यू,**

**अव म चालु आर्थिक वर्षको समिक्षात्मक टिप्पणी प्रस्तुत गर्ने अनुमति चाहान्छु,**

स्रोतगत सीमितता, आन्दोलन तथा निर्वाचनको समयमा सुस्ताएको विकास निर्माणको गति, आन्तरिक आयको कमजोर जगका बीच अपेक्षित लक्ष्य हासिल गर्न नसकिएको तितो यथार्थ विद्यमान छ। तथापी केही उपलब्धीहरु प्रस्तुत गर्दछुः

- ✓ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्दै सामाजिक न्याय सहितको सामाजिक सांस्कृतिक रुपान्तरणमा जोड दिइएको छ
- ✓ नगरपालिकाबाट प्रवाहित हुने सेवाको एकिकरण गर्दै सुचना प्रविधिमा आधारित सेवा प्रवाहलाई प्राथमिकताका साथ सञ्चालन गरिएको छ।
- ✓ वाल अधिकार संरक्षणका लागि बालमैत्री स्थानीय शासनका आधारभूत सूचकलाई लक्षित् गरी तदारुकताका साथ कार्यक्रम अगाडि बढाइएको छ,
- ✓ पछाडि परेका वर्ग समुदायलाई विकासको मुलधारमा ल्याउन उनीहरुको शिक्षा, स्वरोजगारी र आर्थिक उपार्जनका क्रियाकलापमा आधिकाधिक सहभागिता सुनिश्चित गर्दै लगिएको छ,
- ✓ भौगोलिक क्षेत्रको सम्भाव्यताका आधारमा भौतिक पूर्वाधार विकास निर्माणका कार्यलाई अगाडि बढाउदै लगिएको छ,
- ✓ जलवायू परिवर्तन, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनलाई विशेष ध्यान दिदै विकासका क्रियाकलापहरु गर्दा वातावरणमैत्री बनाउँदै लगाउदै लगिएको छ,
- ✓ सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिँदै पछाडि परेका बर्ग, समुदाय, जात, जाति, क्षेत्र, लिङ्गको सामाजिक न्याय तथा समानताका आधारमा विकासका लाभहरु वितरण, पुनर्वितरण गर्ने तर्फ अग्रसर रहि आएको छ,
- ✓ स्वास्थ्य पूर्वाधार सुदृढिकरण तथा सहज पहुँच सुनिश्चित हुने गरी कार्यक्रम विस्तार गरिएको छ।
- ✓ कृषि तथा पशुपन्छी क्षेत्रको विकास तथा सम्बर्द्धन गर्दै खाद्यान्न, फलफुल तथा मासुजन्य वस्तुमा नगरपालिकालाई आत्मनिर्भर हुन प्रयासरत रहेको छ।
- ✓ सेवाग्राहिमैत्री सार्वजनिक सेवा, सुशासन र सदाचारलाई जोड दिइएको छ।

**सभाध्यक्षज्यू,**

बुढीगंगा नदी लगायतका विभिन्न खोलाहरुमा वर्षेनी आउने बाढी र अन्य विपदका घटनाहरुले जनधनको क्षति पुऱ्याइरहेको कुरा सर्वविदितै छ। घट्दो सक्रिय जनसंख्या, युवा पुस्ताको बढ्दो पलायन, कृषि पेशाप्रतिको घट्दो आकर्षण तथा उत्पादनको बढ्दो लागतले खेतीयोग्य जमिन बाँझो र बन्जर हुँदै गएका छन। कृषि तथा पशुपालनमा परम्परागत प्रणालीको प्रभुत्व कायम नै छ। भौगोलिक विकटता तथा कमजोर सडक पूर्वाधारका कारण स्वास्थ्य क्षेत्रमा अधिकतम प्रयास गर्दा पनि गुणस्तरीय स्वास्थ्य सेवामा अपेक्षित पहुँच स्थापित गर्न कठिनाई भइरहेको छ। संघीय शिक्षा ऐन समयमै नआउँदा शिक्षा क्षेत्रको अधिकारक्षेत्रको अस्पष्टता कायम छ। घट्दो विद्यार्थी संख्या, बढ्दो शैक्षिक लागत, प्राविधिक विषयमा अपुग जनशक्ति तथा नवप्रवर्तन र प्रविधिसँगै शैक्षणिक क्रियाकलापको गति, यति र लय कायम गर्नुपर्ने यस क्षेत्रका विद्यमान चुनौति बनेका छन।

समथर मैदानी भूभाग देखि उच्च पहाडी क्षेत्र रहेको साँफेबगर नगरपालिकाको उर्वर भूमिमा रैथाने बालीको उत्पादन, तरकारी, फलफूल र दुधको पकेट क्षेत्र निर्धारण गरी उत्पादन, भण्डारण र बजारीकरण गरी स्थानीयतामा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माणको जग स्थापित गर्ने सम्भावना पनि उत्तिकै छ । नेपालकै चार धाम मध्येको एक धाम बैद्यनाथ धामलगायत नगर क्षेत्रको सबै ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण सम्वर्द्धन गर्दै सुदूरपश्चिम प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा परिचित खप्तडसम्म सहज र रमणिय पहुँच मार्गको स्तरोन्नती गरी प्रचार प्रसार गर्न सकेमा पर्यटकिय गतिविधि चलायमान हुनुका साथै आय आर्जन र रोजगारीका अवसरहरु बढाउन सकिने प्रचुर सम्भावना रहेको छ ।

सेती लोकमार्ग तथा मध्यपहाडी लोकमार्गको मध्यविन्दुमा रहेको हाम्रो साँफेवगर नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका नयाँ शहर आयोजना, बुढीगंगा जलविद्युत् आयोजना जस्ता महत्वपूर्ण आयोजनाहरु कार्यान्वयनमा रहेका छन। साँफेबगर विमानस्थलमा नियमित हवाई उडान गरी सहज आवागमन गर्न सकिएमा पर्यटकीय गतिविधि चलायमान हुने अवस्था छ। यी आयोजनाहरु समयमै निर्माण सम्पन्न गरी समुचित उपयोग गर्न सकिएमा नगरपालिकाका लागि थप अवसरको ढोका खुल्ने अपेक्षा गरिएको छ। यसले बाह्य क्षेत्रमा हुने बसाइसराई रोक्नका लागि महत्वपूर्ण योगदान गर्न सक्छ। नगरपालिका क्षेत्रमा रहेका अवसर, अपार सम्भावना, प्राकृतिक स्रोत—साधन तथा मानवीय क्षमताको समुचित परिचालन र सामाजिक सहभागितालाई सुदृढ गर्दै ***"कृषि, पर्यटन, प्रकृति र सामूहिकताको नगरः खुशीको जीवन्त गन्तव्य हाम्रो साँफेबगर"*** भन्ने दीर्घकालीन आकाङ्क्षालाई व्यवहारमा रूपान्तरण गर्ने पर्याप्त आधार र सामर्थ्य हामीसँग रहेको छ।

**सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षमा हामीले हासिल गरेका परिमाणात्क तथा क्रियाकलापगत उपलब्धीको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु।

- ✓ नगरपालिकाको हालसम्मको आन्तरिक राजस्व संकलन रकम रू ९८०३४३४।- रहेको छ।
- ✓ यस आर्थिक वर्ष २०८२/०८३ मा यस साँफेबगर नगरपालिकामा पूर्वाधार विकास तर्फ कुल ३३ वटा योजना सञ्चालन भएका छन र योजना कार्यान्वयन भई दायित्व सिर्जना भएका योजनाहरूको व्यवस्थापन तथा फछ्र्यौट गर्ने कार्य समेत निरन्तर रूपमा अगाडि बढाइएको छ।
- ✓ सूचना प्रविधि तथा पाठ्यक्रम सम्बन्धि कस्ट्माइज्ड तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिएको छ।
- ✓ स्थानीय विषयबस्तु सहित वृहत् यौनिकता शिक्षाका विषय समेत समावेश गरि स्थानीय पाठ्यक्रम तथा "हाम्रो साँफेबगर" पाठ्यपुस्तक तयार गरिएको छ।
- ✓ नगर शिक्षा योजना २०७८ लाई समसामयिक विषय समाहित गरी अद्यावधिक गरिएको छ।
- ✓ दिवा खाजालाई स्थानीय उपजमा आधारित हुने गरी व्यवस्थापन गरिएको छ।
- ✓ नगरपालिकाको कार्य सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्थाका लागि २ वटा विधेयक, १ वटा रणनीति, ५ वटा कार्यविधी, १ वटा निर्देशिका र १ वटा कार्ययोजना तयार गरिएको छ।
- ✓ लैंङ्गिक उत्तरदायी बजेट सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ।
- ✓ लैङ्गिक हिंसा प्रभावितलाई सहयोग गर्ने निकायहरु सम्बन्धी अभिमुखिकरण र राहत सामग्री वितरण गरिएको छ।
- ✓ निरन्तर अनुगमन मुल्याङ्कन मार्फत सेवा प्रवाह र विकास निर्माण कार्यमा गुणस्तरीयता कायम गरिएको छ,

- ✓ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता ५६४ जना, सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण ५४०९ जना तथा ६५४ जनाको लगतकट्टा गरिएको छ,
- ✓ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई भत्ता वितरणतर्फ पहिलो त्रैमासिकमा ५५८८ जना, दोस्रो त्रैमासिकमा ५५९८ जना, तेस्रो त्रैमासिकमा ५२८७ जना लाभग्राहिलाई कुल १२ करोड १२ लाख ७९ हजार ३ सय ८८ रुपैया रकम वितरण गरिएको छ।
- ✓ व्यक्तिगत घटना दर्तामा जन्म दर्ता संख्या ९८४, मृत्यु दर्ता संख्या २८४, सम्बन्ध विच्छेद दर्ता संख्या ५, विवाह दर्ता संख्या ४२५ र बसाईसराई दर्ता संख्या २३५ (बसाईसराई सरी आउने सदस्य संख्या ४९ जना र बसाईसराई सरी जाने सदस्य संख्या ६४३ जना) रहेको छ।
- ✓ बायोमेट्रिक भेरिफिकेशनको लागि आईरिस उपकरणको व्यवस्था गरिएको र व्यक्तिगत घटना दर्ता सप्ताहको अवसरमा १४ वटै वडामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- ✓ १४ वटै वडामा न्यायिक समितिको काम, कर्तव्य अधिकार र लैङ्गिक हिंसा निवारण कोषको बारेमा समुदायमा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको ।
- ✓ न्यायिक समितिमा दर्ता भएका ५ वटा उजुरी मध्ये ३ वटा फस्यौंट गरिएको छ।
- ✓ Cervical Cancer, आकस्मिक गर्भनिरोधक, सम्बन्धी स्वास्थ्यकर्मिहरु तथा सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न,
- ✓ HPV खोप कार्यक्रम सञ्चालन गरिएको छ।
- ✓ पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको छ ।
- ✓ नगरपालिकको वडा नं १२ खप्तड र वडा नं १३ बाब्लामा सक्रिय क्षयरोग खोजपडताल शिविर सञ्चालन गरिएको छ ।
- ✓ CB-IMNCI on site coaching कार्यक्रम पालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा सञ्चालन गरिएको छ ।
- ✓ स्वस्थ बच्चा प्रतिस्पर्धा, पोषिलो जाउलो प्रदर्शनी, म.स्वा.स्वयं सेविका पोषण सम्बन्धि तालिम र आमा समुहको बैठकमा स्वास्थ्य घरायसि खाद्यान्न उत्पादन पूर्ण सरसफाई तथा पोषणको महत्वबारे अन्तरक्रिया सम्पन्न गरिएको छ।
- ✓ सुनौला हजार दिनका विपन्न परिवारको पोषण सुधार आयआर्जन अनुदान वितरण सम्बन्धी सा.न.पा. ११, १२ र १३ लाई छनौट गरि सुनौलो भविष्य महिला पोषण समूह गठन गरि पोषण सुधार तथा आयआर्जन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- ✓ दलित पेशा पुनर्जीवन सम्बन्धी वडा नं. १ देखी १४ सम्मका २८ जनालाई आरन सामाग्री वितरण कार्यक्रम तथा सम्पूर्ण सुनौला हजार दिनका परिवारलाई पोषण झोला वितरण कार्यक्रम कार्यान्वायनमा रहेको ।
- ✓ कृषि तथा पशुपन्छी विकासका लागि घुम्ति शिविर, औषधि तथा वीउ वितरण, सिँचाई कुलो निर्माण लगायतका कार्यहरु सञ्चालन गरिएको छ।
- ✓ रोजगारीको खोजीमा रहेका व्यक्तिहरु (१९० महिला र ४१ जना पुरुष गरी जम्मा २३१ जना) अभिलेख सूचना प्रणालीमा सूचीकृत गरीएको।
- ✓ वैदेशिक रोजगारमा जानेहरूका लागि पुनः श्रम स्वीकृती, वैदेशिक रोजगारीको सिलशिलामा मृत्यु भएका परिवारका

बालबालिकाहरुलाई छात्रवृत्ति कार्यक्रमका लागि पहल गरिएको ।

**सभा अध्यक्षज्यू,**

## आगामी आ.व.का प्रमुख नीति तथा कार्यक्रमहरू

### १. आर्थिक विकासतर्फः

#### क) कृषि तथा पशुपन्छी विकासः

१. नगरभित्रका किसानहरूको डिजिटल सूचीकरण गरी परिचयपत्र वितरणलाई निरन्तरता दिइनेछ।

२. सङ्घीय र प्रादेशिक कार्यालयसँग समन्वय गरी माटोको गुणस्तर परीक्षण कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनुका साथै माटोको स्वास्थ्य सुधारका लागि "जैविक तथा प्राङ्गारिक मल" को प्रयोगको लागि किसानहरुलाई प्रोत्साहन गर्दै किसानहरुको लागत साँझेदारीमा थप कार्यक्रम सञ्चालन गरिनेछ।

३. नगरभित्रका मुख्य कृषि पकेट क्षेत्र तथा सुन्तला, अमिलो जातका फलफूल र अन्नबाली उत्पादन हुने क्षेत्रलाई मध्यपहाडी लोकमार्ग वा साँफेबगर बजारसँग जोड्न "कृषि आर्थिक पहुँच मार्ग" का रूपमा बहुउपयोगी सडकहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ।

४. नगरपालिकाले कृषि अनुदान प्रणालीलाई उत्पादनमा आवद्ध गरी पारदर्शी बनाईनेछ।

५. स्थानीय रैथाने बालीको संरक्षण तथा प्रवर्द्धनमा प्राथमिकता दिइनेछ।

६. नगरपालिका भित्रका कृषिजन्य तथा पशु जन्य उत्पादनको तथ्याङ्क संकलन गरी हाल नगरपालिकामा रहेको कृषि र पशुजन्य पदार्थको आयात तथा निर्यातको बारेमा सर्वेक्षण गर्न नगरस्तरीय कृषि तथा पशु विकास योजना/प्रोफाईल तयार गरिनुका साथै आवश्यक कार्यान्वयन गर्दै लगिनेछ।

७. कृषिको आधुनिकीकरण, विविधिकरण, बजारीकरण, यान्त्रिकीकरणमा जोड दिँदै कृषि पेशामा यूवा आकर्षण बढाई मर्यादित र सम्मानजनक व्यवसायको रुपमा विकास गरिनेछ।

८. कृषि तथा पशुजन्यजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकहरुको आर्थिक स्थिति सुधार गर्न भौगोलिक क्षेत्र र उत्पादन क्षमता अनुसार पकेट क्षेत्र स्थापना तथा विस्तार गर्दै लगिनेछ।

९. विभिन्न बालीमा लाग्ने किरा तथा रोगहरुको रोकथाम तथा नियन्त्रण गर्दै कृषिमा हुने क्षतीलाई न्यूनिकरणमा जोड दिइनेछ।

१०. उन्नत जातका खाद्यान्न, फलफुल र मसला बालीहरुको बिउ वितरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ।

११. नगरपालिकाको सबै वडामा कृषि व्यवसाय सम्बन्धी कृषि प्राविधिक परामर्श सेवा दिन उचित व्यवस्था मिलाईनेछ।

१२. कृषकहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न विभिन्न किसिमका तालिम, गोष्ठी आयोजना गरिनेछ।

१३. बेसार तथा अदुवा खेति प्रवर्द्धन गर्न उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।

१४. खोरेत रोग, लम्पी स्किन रोग लगायतका महामारी नियन्त्रणका लागि सङ्घीय र प्रदेश सरकारसँगको समन्वयमा "अभियानमुखी खोप कार्यक्रम" सञ्चालन गरिननुका साथै निःशुल्क पशु स्वास्थ्य घुम्ति शिविर सञ्चालनको व्यवस्था मिलाईनेछ।

१५. विश्वकै सानो र दुर्लभ अछामी नौमुठे गाईको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा विशेष जोड दिईनेछ।

१६. गोठ तथा भकारो सुधार, पशु मलमुत्र व्यवस्थापन तथा पशु नश्ल सुधार कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

१७. नगरपालिकालाई मासु, दुध र अण्डामा आत्मनिर्भर बनाउनका लागी मागमा आधारित पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनुका साथै पशु आहार व्यवस्थापनका लागी हिउँदे तथा वर्षे घासका बिउ वितरण कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

१८. पशु उपचार केन्द्रको स्तरोन्नती गरी आकस्मिक पशु उपचार तथा रोग नियन्त्रण सेवालाई निरन्तरतामा जोड दिईनेछ।

**ख) उद्योग, उद्यमशीलता तथा रोजगारः**

१९. वैदेशिक रोजगारीबाट फर्केका युवा र रैथाने सिप भएका जनशक्तिलाई लक्षित गरी स्वरोजगारमूलक उद्यमका लागि प्रोत्साहन गरिनेछ।

२०. महिला तथा पछाडि परेका वर्गको आर्थिक सशक्तीकरणका लागि महिला, दलित समुदाय र परम्परागत सिप भएका वर्गद्वाराहरूद्वारा सञ्चालित स्थानीय उत्पादनका लघु उद्यमलाई बजारमुखी बनाउन विशेष सहुलियत र बजारीकरण तथा आधुनिकीकरणको व्यवस्था गरिनुका साथै क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२१. वातावरणमैत्री तथा हरित उद्यम प्रवर्द्धन गर्नको लागि स्थानीय स्रोत र सीपमा आधारित उद्यम स्थापना गरी महिला तथा युवामैत्री दिगो स्वरोजगार कार्यक्रम सञ्चालनका लागि कृषि, पशुपालन, हस्तकला तथा पर्यटनसँग सम्बन्धित उद्यम विकास गर्ने नीति लिईनेछ।

२२. छिटो प्रतिफल दिन सक्ने स्वरोजगारमूलक कार्यक्रम तथा तालिमहरु सञ्चालन गरिनेछ।

२३. स्थानीय आवश्यकता तथा प्राथमिकतामा आधारित कार्यक्रम स्थानीय स्रोत, संस्कृति तथा सम्भावनामा आधारित उद्यम छनोट गरी समुदायको माग अनुसार कार्यक्रम तर्जुमा गरिनुका साथै स्थानीय उत्पादनको ब्राण्डिङ तथा बजारीकरण गरिनेछ।

२४. स्थानीय उत्पादन प्रदर्शनी, हाटबजार तथा उद्यम मेला प्रवर्द्धन गरिनुका साथै सफल उद्यमी सम्मान कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ।

२५. गरिबी न्यूनीकरण तथा रोजगारी सिर्जनाका लागि विपन्न परिवारलाई उद्यममार्फत आत्मनिर्भर बनाउन सीप विकास तालिमसँगै प्रविधि सहयोग गर्दै स्थानीय स्तरमै रोजगारी सिर्जना गरी वैदेशिक पलायन न्यूनीकरण गरिनेछ।

२६. नगरपालिकाभित्रका दक्ष, अर्धदक्ष र अदक्ष श्रमिकहरूको तथ्याङ्क राख्न "रोजगार पोर्टल (Job Portal)" तयार गरिनेछ। साथै रोजगारीका लागि भारत जाने र फर्किने नगरवासी श्रमिकहरूको व्यवस्थित तथ्याङ्क सङ्कलन गरी अभिलेख राखिनेछ र सीप प्रमाणीकरण तथा उपयोगका लागि पहल गरिनेछ।

**ग) पर्यटन तथा संस्कृतितर्फः**

२७. स्थानीय कला, संस्कृति र अछामी जीवनशैलीलाई पर्यटनसँग जोड्दै नगरभित्रका सम्भावित गाउँहरूमा नयाँ होमस्टे (घरबास) प्रवर्द्धन गरिनेछ।

२८. नगरभित्र रहेका ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र सौन्दर्यीकरण गरी आन्तरिक तथा बाह्य पर्यटनको विकास गरिनुका साथै धार्मिक-सांस्कृतिक पर्यटन परिपथ (Tourism Circuit) विकास गरिनेछ।

२९. खप्तड क्षेत्रको पर्यटन पूर्वाधार विकासका लागि राष्ट्रिय निकुञ्ज र छिमेकी स्थानीय तहहरूसँग समन्वय गरिनेछ।

३०. अन्य संस्थाहरुसँगको सहकार्य र साझेदारीमा नगरस्तरीय पर्यटकीय खेलकुद प्रतियोगिताहरू सञ्चालन गरी खेलकुदलाई पर्यटनसँग जोडिनेछ।

३१. अछाम जिल्लाका प्रथम संसद तथा यस क्षेत्रका शहिदहरुको सम्मानस्वरुप शालिक निर्माण गरिनेछ।

घ) **सहकारीको नियमन, क्षमता सुदृढीकरण र संस्थागत सुधार**

३२. नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र सबै प्रकारका सहकारीहरूको वित्तीय सुशासन, नियमन र सुपरीवेक्षणका लागि प्रविधिमैत्री नियमन प्रणाली लागु गर्ने नीति लिईनेछ। साथै नगरभित्र पर्ने बचत तथा ऋण सहकारीहरूको वित्तीय जोखिम न्यूनीकरण गर्न सूचना प्रविधिको प्रयोग बढाउने र नगरपालिकामा सहकारीको विद्युतीय अभिलेखिकरण एवं नियमन प्रणाली विकास गरिनेछ।

३३. सहकारी संस्थाहरूमा वित्तीय अनुशासन कायम गर्न सहकारी सञ्चालक तथा कर्मचारीहरूका लागि नियमित क्षमता अभिवृद्धि तथा सुशासन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

३४. उत्पादन सहकारी तथा महिला सहकारीहरूसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

## २. सामाजिक विकासतर्फः

**क) स्वास्थ्य**

३५. मातृ तथा बाल मृत्युदर न्यूनीकरण गर्न "ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम" लाई निरन्तरता दिइनेछ। महिलाहरूको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र पाठेघर खस्ने रोग पहिचानका लागि विशेषज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

३६. "हाम्रा बा-आमा, हाम्रो गौरव": ७५ वर्ष माथिका जेष्ठ नागरिकहरूका लागि घरदैलोमै पुगेर आधारभूत तथा नसर्ने रोग सम्बन्धी स्वास्थ्य जाँच र औषधि वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

३७. अति विपन्न परिवार र आर्थिक अवस्था कमजोर भएका नागरिकको स्वास्थ्य बिमा पहुँच स्थापित गर्न अभियान सञ्चालन गरिनेछ।

३८. सार्वजनिक स्थानहरूमा खुला व्यायामशाला, ध्यान तथा योग केन्द्रहरू स्थापना गरिनेछ।

३९. साँफेबगर नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा 'न्यूनतम मापदण्ड' अनुसार आवश्यक जनशक्ति, औषधी र उपकरण सुनिश्चित गरी एकीकृत स्वास्थ्य सेवा मोडेल लागु गरिनेछ।

४०. आयुर्वेदिक औषधि तथा उपचार सेवाको पहुँच विस्तार गरिनेछ।

४१. सहज पहुँच, गुणस्तरीय उपचार" भन्ने नाराका साथ नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूमा विद्युतीय स्वास्थ्य अभिलेख, डिजिटल रिपोर्टिङ तथा स्वास्थ्य सूचना प्रणालीको क्रमिक विस्तार गरी प्रविधिमैत्री स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

४२. "स्वस्थ मन, स्वस्थ समाज" भन्ने अभियान सञ्चालन गरी नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या, युवा लक्षित लागूऔषध दुर्व्यसन सम्बन्धी जनचेतना, परामर्श र प्रवर्द्धनात्मक कार्यक्रम समुदायस्तरसम्म विस्तार गरिनेछ।

४३. स्वस्थ बालबालिका नगरको प्रतिबद्धता" भन्ने अभियान सञ्चालन गर्दै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम, पोषण मैत्री स्वास्थ्य संस्था स्थापना, संस्थागत सुत्केरी तथा सुरक्षित मातृत्व कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। साथै गर्भवती तथा सुत्केरी महिलाको प्रेषण सेवामा आवश्यक यातायात सहयोग उपलब्ध गराइनेछ।

४४. "गुणस्तरीय स्वास्थ्य सेवाः जवाफदेही र पारदर्शी संस्था" भन्ने मान्यताका साथ सबै स्वास्थ्य संस्थाहरूमा गुणस्तर मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिनेछ।

४५. "स्वस्थ साँफेबगर, समृद्ध साँफेबगर" अभियान अन्तर्गत स्वास्थ्य प्रवर्द्धन, रोगको प्रारम्भिक पहिचान, सरुवा तथा नसर्ने रोग नियन्त्रण, विपद् तथा महामारी व्यवस्थापन लगायतका एकीकृत स्वास्थ्य कार्यक्रम सञ्चालन गरी दिगो विकास लक्ष्यअनुसार सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ।

**सामाजिक समावेशीकरण**

४६. नगर प्रमुखसँग विपन्न सहायता कोष कार्यक्रम सञ्चालन गरिनेछ।

४७. लैङ्गिक हिंसा, महिनावारी विभेद, जातिय छुवाछुत र बालश्रम विरुद्ध शून्य सहनशीलताको नीति अपनाइनेछ। नगरपालिकाको बजेट प्रणालीमा" लैङ्गिक उत्तरदायी बजेट कोडलाई निरन्तरता दिइनेछ।

४८. बाल संरक्षण कोष : अनाथ, सहाराविहीन र सडक बालबालिकाको शिक्षा र स्वास्थ्यका लागि पालिकामा स्थापित बाल संरक्षण कोषको प्रतिफलमूखि परिचालन गरिनेछ।

४९. महिलाहरूको आर्थिक आत्मनिर्भरताका लागि "नगर महिला उद्यमशीलता कार्यक्रम" सञ्चालन गरिनेछ।

५०. दलित तथा पिछडिएका समुदायको परम्परागत पेशा, सीप र कलालाई आधुनिकीकरण गर्न "प्रविधि हस्तान्तरण तथा उद्यम प्रवर्धन कार्यक्रम" सञ्चालन गरिनेछ।

५१. बालश्रम अन्त्य, बालविवाह मुक्त स्थानीय तह, बालमैत्री स्थानीय शासन, पोषण मैत्री स्थानीय शासन पालिका घोषणा अभियानलाई प्रभावकारी बनाइनेछ। विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना गराउन विशेष प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

५२. स्थानीय तह भित्रका बालबालिका सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशनका लागि प्रोफाइल तयार गरिनेछ।

५३. मातृशिशु तथा बाल्यकालिन पोषण सुधारका लागि "सुनौलो हजार दिन" कार्यक्रमको स्थानीयकरण गरिनुका साथै किशोरकिशोरी स्वास्थ्य शिक्षा तथा मानसिक स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ।

५४. छाउपडी, जातीय विभेद र छुवाछुत जस्ता सामाजिक कुरीति विरुद्ध समुदाय र विद्यालय स्तरमा "सचेतना र कानुनी साक्षरता अभियान" सञ्चालन गरिनेछ।

५५. नेपाल सरकारको बहुक्षेत्रिय पोषण योजना तेस्रोले निर्धारण गरेका सूचक प्राप्तिमा सहयोग हुने गरि स्थानीय तहमा बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत पोषण अवस्था कमजोर रहेका बस्ति लक्षित पोषण सुधारका कार्यक्रमहरु सञ्चालनमा जोड दिँदै सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन तथा सिप विकासको लागि कार्यक्रमहरु गर्नुका साथै एक वडा, एक टोल एक नमुना पोषण परिवार कार्यक्रम सञ्चालन गरिनेछ ।

**शिक्षाः**

५६. शिक्षक तथा कर्मचारीको पेशागत दक्षता विकासका लागि मागमा आधारित कष्टमाइज्ड तथा पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ।

५७. नगरपालिकास्तरीय विज्ञ समुह तथा विषयगत शिक्षक सञ्जाल गठन गरी पेशागत क्षमता विकासका लागि परिचालन गरिनेछ ।

५८. सामुदायिक विद्यालयमा इन्टरनेट, कम्प्युटर, प्रिन्टर जस्ता सामाग्री, डिजिटल सिकाइ र कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ।

५९. स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत वा परीक्षा दिएर बसेका नगरका इच्छुक युवा विद्यार्थीहरूलाई नगरपालिकाका विषयगत शाखाहरूमा इन्टर्नसिप गराई प्रशासनिक र व्यावहारिक ज्ञान सिकाउने व्यवस्था मिलाइनेछ ।

६०. बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन नगर स्तरीय प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ। युवा नमुना संसद सञ्चालन गरिनेछ।

६१. कक्षा ८ को नगर स्तरीय परीक्षामा उत्कृष्ट हुने २० जना विद्यार्थीहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ । नगरभित्रका सामुदायिक विद्यालयबाट SEE मा उत्कृष्ट अंक प्राप्त गर्ने ५/५ जना दलित र छात्रा विद्यार्थीलाई प्रोत्साहन उपलब्ध गराइनेछ।

६२. शैक्षिक स्रोत व्यक्तिमार्फत विद्यालयहरुको नियमित सुपरिवेक्षणको व्यवस्था मिलाइनेछ ।

६३. स्वीकृत नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनमार्फत शिक्षाको गुणस्तर सुधारमा जोक्ष दिइनेछ। आधारभूत सिकाइ प्रबर्द्धन कार्यक्रम लागु गरिनेछ ।

६४. विद्यालय बाहिर रहेका, विचैमा छोडेका बालबालिकाहरुलाई साक्षरता शिक्षा, निरन्तर शिक्षा, अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

६५. विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत वर्गका बालबालिकाका लागि थप प्रोत्साहनका कार्यक्रम ल्याइनेछ ।

**युवा तथा खेलकुदः**

६६. स्थानीय तहका योजना तर्जुमा, कार्यन्वयन, मूल्याङ्कन तथा उपलब्धीको न्यायोचित वितरणसम्मका चरणहरुमा यूवाहरुको अर्थपूर्ण सहभागीतामा जोड दिइ नगरको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण तथा विकास निर्माणमा युवाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

६७. युवाक्लब, बालक्लव तथा युवा लक्षित समुदायमा आधारित संघ संस्थाहरूसँग सहकार्य गर्दै युवाहरूमा नेतृत्व क्षमता विकासको अवसरहरू सिर्जना गरिनेछ ।

६८. खेलकुदको विकास तथा विस्तारका लागि आवश्यक पहल गरी वडा तथा नगर स्तरीय खेलकुदमा प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गरिनुका साथै संगठित युवा संजाल तथा बालक्लवहरुलाई न्युनतम खेलकुद सामाग्री उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

६९. नगर प्रमुख तथा राष्ट्रपति रनिङ शिल्डलाई खेलाडि उत्पादनको जगको रुपमा स्थापित गर्दै लगिनेछ।

**न्याय, सामाजिक सुरक्षा र पञ्जिकरणः**

७०. महिला, दलित, आदिवासी जनजाति, विपन्न र पिछडिएको क्षेत्रका नागरिकहरूलाई न्यायिक समिति र मेलमिलाप केन्द्रसम्म सहज पहुँच सुनिश्चित गरिनेछ।

७१. न्यायिक समितिका पदाधिकारी, कर्मचारी र वडास्तरका मेलमिलापकर्ताहरूको कानुनी तथा व्यावहारिक ज्ञान अभिवृद्धि गर्न निरन्तर क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७२. न्यायिक समितिको गोपनीयता र मर्यादा कायम राख्न छुट्टै कार्यकक्ष, इजलास र सुरक्षित अभिलेखालयको व्यवस्थापन गरिनेछ।

७३. न्यायिक समितिको कार्यसम्पादनलाई डिजिटल प्रविधिमा आबद्ध गर्न सफ्टवेयरको विकास, अनलाइन उजुरी दर्ता प्रणालीको सुरुवात र डिजिटल अभिलेखीकरण गरिनेछ।

७४. वडा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गरी प्रभावकारी बनाइनेछ।

७५. जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, र स्थानीय प्रहरी प्रशासनसँग न्यायिक समितिको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन नियमित समन्वय बैठकहरू आयोजना गरिनेछ।

७६. नगरपालिकाभित्र हुने जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाईँसराइ जस्ता व्यक्तिगत घटनाहरूलाई अनलाईन प्रणालीमार्फत व्यक्तिगत पहिचान र राष्ट्रिय परिचयपत्र प्रणालीसँग आबद्ध गरिनेछ।

७७. "सबै घटना समयमै दर्ता" अभियानः व्यक्तिगत घटना घटेको ३५ दिनभित्र दर्ता गर्न नागरिकहरूलाई प्रोत्साहन गर्न वडा-वडा र टोल स्तरमा सचेतना अभियान सञ्चालन गरिनेछ।

७८. विगतका हस्तलिखित ढड्डाहरूमा रहेका पुराना व्यक्तिगत घटनाका विवरणहरूलाई डिजिटल प्रणालीमा प्रविष्टि गरी सुरक्षित अभिलेख तयार गरिनेछ।

७९. नगरपालिकाभित्र रहेका सरकारी तथा निजी अस्पतालहरूसँग समन्वय गरी बच्चा जन्मने बित्तिकै वा व्यक्तिको मृत्यु हुने बित्तिकै अस्पतालबाटै अनलाइन प्रणालीमापूर्व-सूचना प्राप्त हुने प्रणालीको सुरुवात गरिनेछ।

८०. अपाङ्गता भएका र अशक्त जेष्ठ नागरिकहरूका लागि घरदैलोमै पुगेर "बायोमेट्रिक प्रमाणीकरण सेवा" उपलब्ध गराइनेछ।

८१. बालपोषण भत्ताको सदुपयोगका लागि नागरिकहरूलाई सचेतना अभिवृद्धि गर्न वडा-वडा र टोल स्तरमा सचेतना अभियान सञ्चालन गरिनेछ।

८२. सामाजिक सुरक्षा भत्ता नलिने घोषणा गरेका लाभग्राहीहरुलाई सम्मान गर्ने साथै व्यक्तिगत घटना दर्ता पूर्णता मापन तथा घोषणा कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

८३. 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई आयआर्जनका लागि सीपमूलक तालिम प्रदान गरिनेछ।

## पुर्वाधार विकास

### सडक, भवन तथा यातायात पूर्वाधार

८४. भौतिक पूर्वाधारलाई सुरक्षित, दिगो र सडक सञ्जालसँग जोड्ने नीति लागू गरिनेछ।

८५. नगरपालिकाका सबै वडाहरूलाई नगरपालिकाको केन्द्र र राजमार्गसँग जोड्ने सडक, तथा प्रमुख कृषि सडकहरूलाई बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नति गरी बाह्रै महिना सुरक्षित र भरपर्दो यातायात सञ्चालन हुने व्यवस्था गरिनेछ।

८६. नयाँ निजी तथा सार्वजनिक भवन निर्माणमा "राष्ट्रिय भवन संहिता" लागू गर्दै लगिनेछ। बाढी तथा पहिरोको उच्च जोखिममा रहेका सीमान्तकृत र विपन्न परिवारका लागि सुरक्षित र किफायती आवासको लागि सहजीकरण गरिनेछ।

८७. शून्य-दिन खरिद नीतिः असार मसान्तमा बजेट सक्ने विकृति अन्त्य गर्न साउन महिनादेखि नै ठेक्का र खरिद प्रक्रिया सुरु गर्ने नीति लागू गरिनेछ।

८८. नगरपालिका तथा वडा कार्यालय भवनहरूको स्तरोन्नति गरी प्रविधिमैत्री, सेवाग्राहीमैत्री तथा अपाङ्गतामैत्री प्रशासनिक संरचना विकास गरिनेछ।

### सिँचाई, उर्जा तथा आधारभूत सेवा

८९. कृषि उत्पादन वृद्धि तथा खाद्य सुरक्षाका लागि नहर, लिफ्ट सिंचाइ, जलाशय तथा वर्षाजन्य पानी संकलन प्रणालीको विकास र विस्तार गरिनेछ।

९०. गुणस्तरीय विद्युत आपूर्तिका लागि नेपाल विद्युत प्राधिकरण तथा सम्बन्धित निकायसँग समन्वय र साझेदारी गरिनेछ।

९१. बुढिगंगा लगायत मुख्य नदी तथा खोलाको तटीय क्षेत्रमा बाँस, बेत र खयर जस्ता प्रजातिको वृक्षारोपण गरिनेछ।

९२. विक्रम सम्वत् २०८७ सम्म सबै नागरिकलाई स्वच्छ खानेपानी पुऱ्याउने सङ्घीय लक्ष्यसँग आवद्धता हुने गरी नगरभित्र मुहान संरक्षण, नियमित पानी परीक्षणका साथै सुरक्षित तथा दिगो खानेपानी आयोजनाको निर्माण, विस्तार तथा स्तरोन्नतिमा जोड दिइनेछ।

**भूव्यवस्था तथा नक्सा पास**

९३. घर नक्सा पास प्रकृया लाई पहिलो प्राथमिकतामा प्रभावकारी कार्यान्वयन गरिनुका साथै न्यायिक समितिमा आएका आलीधूर सम्बन्धी समस्या समाधानमा आवश्यक सहयोग गरिनेछ।

९४. एकीकृत फोहोरमैला व्यवस्थापनः निजी क्षेत्र र समुदायको सहकार्यमा फोहोर सङ्कलन, वर्गीकरण र पुनः प्रयोग (Reduce, Reuse, Recycle) गर्ने प्रणाली विकास गरिनेछ।

**वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनः**

९५. बुढिगंगा लगायत मुख्य नदी तथा खोलाको तटीय क्षेत्र तथा अन्य खाली जग्गाहरूमा बाँस, बेत र खयर लगायतका वातावरण अनुकुलका प्रजातिको वृक्षारोपण तथा संरक्षण गरिनेछ।

९६. बाढी, पहिरो र डढेलो लगायतका विपद्को पूर्वसूचना दिन स्थानीयस्तरमा प्रारम्भिक चेतावनी प्रणाली र जोखिम नक्साङ्कन कार्यलाई संस्थागत गरिनेछ।

९७. स्थानीय समुदाय, नगर प्रहरी तथा सरोकारवालाहरुको समन्वय तथा सहकार्यमा विपद व्यवस्थापनका लागि स्वयमसेवक दस्ता तयार गरी परिचालन गरिनेछ।

**सुशासन, संस्थागत विकास तथा राजस्वः**

सार्वजनिक सेवा तथा संस्थागत विकास

९८. सुशासन, डिजिटल सेवा र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

९९. सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई बदलिदो परिस्थिति अनुसारको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिका लागि अन्य निकाय/संस्थासँगको सहकार्यमा आवश्यकता र औचित्यताका आधारमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१००. नागरिकका गुनासा र उजुरीहरू छिटो सुन्न र वास्तविक समयमा सम्बोधन गर्न सूचना प्रविधियुक्त (डिजिटल) गुनासो सुनुवाई तथा उजुरी व्यवस्थापन प्रणाली विकास गरिनेछ।

१०१. नगरपालिकाको प्रशासनिक संयन्त्रलाई सक्षम, जवाफदेही र उत्तरदायी बनाउन कार्यसम्पादनमा आधारित मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली लागू गरिनेछ।

१०२. सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी बनाउन अनुत्पादक खर्च कटौती गरिनेछ र बेरुजु फछ्र्यौट कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

१०३. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

१०४. नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्माण एबं कार्यान्वयन गरिनेछ।

१०५. नगरपालिकाको आवधिक योजना तथा पार्श्वचित्र अद्यावधिक गरी सामयिक बनाइनेछ।

१०६. आवश्यकता र प्राथमिकताका आधारमा स्रोत सुनिश्चितता तथा कार्यान्वयनयोग्य योजना छनौट गर्न नगरपालिकाले "आयोजना बैङ्क" स्थापना गरिनेछ।

**राजस्व प्रशासन तथा वित्तीय सुशासनः**

१०७. करदाताको अभिलेख डिजिटल प्रणालीमार्फत व्यवस्थित गरिनुका साथै करदाता सचेतना (करदाता शिक्षा) कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

१०८. नगरपालिकाको राजश्व सङ्कलन, व्यवसाय दर्ता, सिफारिस र सेवा प्रवाहलाई क्रमशः अनलाईन प्रणालीसँग आबद्ध गरी प्रविधिमैत्री बनाउँदै राजस्व संकलनका लागि विशेष अभियान (घुम्ती शिविर) सञ्चालन गरिनेछ।

१०९. सम्पति कर ,घर बहाल कर, बहाल बिटौरी कर, व्यवसाय कर लगायत अन्य सम्पूर्ण क्षेत्रलाई करको दायरामा ल्याईनुका साथै करदाताको अधिकतम सहभागिता सुनिश्चित गरिनेछ ।

११०. राजश्व सुधार कार्ययोजना अद्यावधिक गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनुका साथै राजश्व सुधार सम्बन्धी चौमासिक रुपमा समिक्षा गरिनेछ ।

सभा अध्यक्षज्यू,

तथा नगरसभा सदस्यज्यूहरू,

साँफेबगर नगरपालिकाको सर्वाङ्गिण विकासको लागि हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले समेट्न नसकेको क्षेत्रमा परिस्थिति अनुरुपको नीति आत्मसात गर्दै परिणाममुखी कार्यलाई प्राथमिकतामा राखिनेछ। नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका तथा आवश्यकता लक्षित क्षेत्रको व्यवस्थापन गर्दै आर्थिक, सामाजिक, राजनीतिक विकासको कार्यलाई निरन्तरता दिइनेछ।

अन्त्यमा परिवर्तित राज्य संरचनाको नौलो अभ्यासमा गहन जिम्मेवारी बोध गर्दै यस गरिमामय सभामा प्रस्तुत गरिएबमोजिमका अपेक्षित उपलब्धि हासिल गर्न सम्पुर्ण सदस्यज्युहरु, कर्मचारी, शिक्षक, राजनीतिक दल, सुरक्षाकर्मी, नगर प्रहरी, नागरिक समाज, सहयात्री सरकारी तथा गैरसरकारी संघ-संस्था, पत्रकार लगाएत आम नगरवासीको अमुल्य सहयोग तथा सहभागिताले मात्र संभव हुने कुरा अवगत नै छ। तसर्थ यस नगरपालिका भित्र संचालन हुने हरेक क्रियाकलापहरुमा यहाँहरु सबैको सार्थक सहभागिता तथा कार्यान्वयनमा तत्परताले नै शान्त, सुन्दर र समुन्नत साँफेबगर बनाउने अपेक्षा सहित नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्याउने यहाँहरु सबै प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु ।

धन्यवाद ।।

शिव बहादुर कुँवर
नगर उप-प्रमुख